नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं ।

पत्रिका पाइने ठाउँ
**ज्योतिष भविष्यवाणी**
(साप्ताहिक)
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ४७ २०६९ फाल्गुन २४ गते, बिहीबार 7,Mar. 2013 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।
संस्थापक/प्रधान सम्पादक
ज्यो.डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं.९८५६०३०९१४

## स्व.हेमराजलाई 'प्रेरणादायी' उपाधि

हरि पन्त

**पोखरा** : 'प्रेरणादायी' शब्द आफैमा महत्वपूर्ण र सबैले सजिलै बुझ्ने शब्द हो र गहन पनि छ। यसको अर्थ हुन्छ एकको प्ररणाले अर्कोलाई परिवर्तन गराउनु अर्थात् अन्धकारमा रहेकोलाई उज्यालोमा ल्याउनु हो । 'प्रेरणादायी' शब्दको उपाधि पाउनुभएको छ स्व.हेमराज पहारीले । जुन अवसर कमै व्यक्तिले पाउने गर्दछन् । 'प्रेरणादायी' शब्दको उपाधि नि:स्वार्थ भावनाले ठूलो त्याग गरेको व्यक्तित्वलाई दिने गरिन्छ जुन नेपाली समाजमा निकै न्यून छ । गत शनिबार पोखरा उद्योग वाणिज्य संघको हलमा आयोजित हेमराज पहारी स्मृति पुरस्कार अर्पण कार्यक्रममा बोल्ने सम्पूर्ण वक्ताहरूले भने-'स्व.हेमराज पहारी 'प्रेरणादायी' व्यक्तित्व ।' निकै पृथकशैलीबाट आयोजित कार्यक्रममा वरिष्ठ संस्कृतिविद् तथा भाषाविद् सत्यमोहन जोशीलाई एकलाख रुपैयाँ नगद तथा ताम्रपत्रले सम्मानित गरिएको थियो ।



तस्वीर : ज्योतिष भविष्यवाणी

सम्मान पछि बोल्दै तीन-तीन पटक (वि.सं.२०१४,२०१७र २०२८) मदन पुरस्कार समेत हातपार्न सफल हुनुभएका जोशीले स्व. पहारी आफ्ना लागि निकै प्रेरणादायी व्यक्तित्व भएको बताउनुभयो । स्व.हेमराजको व्यक्तित्व र कृतित्वमाथि चर्चा चल्नु स्वाभाविक भएको बताउँदै जोशीले हेमराज राष्ट्रका लागि प्रेरणादायी व्यक्तित्व भएको धारणा व्यक्त गर्नुभयो । 'हेमराज पुरस्कारले मदन पुरस्कार भन्दा बढी खुशी तुल्याएको छ' जोशीले भन्नुभयो, 'मलाई मदन पुरस्कारको झल्को हेमराज पुरस्कारले मेटाएको छ, म निकै खुशी छु, हेमराज जस्तो दूरदर्शी व्यक्तित्व नेपाली माटोले पाउनु गौरवको कुरा हो, उहाँको कृतिमा धेरै दूरदर्शी विचारहरू रहेका छन्, त्यसलाई राज्यले खोजी गर्नुपर्छ ।' 'हरेक कुरालाई गहिरिएर सोच विचार गर्ने हो भने दर्शन खोज्न अन्त कतै जानु नपर्ने हाम्रै नेपाली प्रकृतिसंग पाइन्छ' सम्मानित व्यक्तित्व जोशीले भन्नुभयो,'मेरो दर्शन जुरेली चरी हो । 'के खायो, के लायो होला वनको जुरेली चरीले' भन्ने गीतबाट म अत्यन्तै प्रभावित भएको छु, त्यो नै मेरा जीवनको दर्शन बन्न पुग्यो, त्यही गीतले नै मैले मदन पुरस्कार पाएँ ।' आयातित संस्कृतिले नेपाली मौलिक संस्कृतिलाई छोप्न नहुँने धारणा व्यक्त गर्दै जोशीले लोकमा आधारित भएर नेपाली साहित्यलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

हेमराज स्मृति प्रतिष्ठानका उपाध्यक्ष गोविन्दराज पहारीले स्वर्गीय हेमराज पहारीलाई स्मरण गर्दै भन्नुभयो, 'स्व. हेमराज पहारी हामी सबैका लागि 'प्रेरणादायक' व्यक्तित्व हुनुहुन्थ्यो । अन्धकार समाजको दीयो भएको हुनुहुन्थ्यो । त्यसैले उहाँको बाटोलाई जबसम्म मानिसले पच्छ्याउन सक्दैन तबसम्म समाज सही बाटोमा अघि बढ्न सक्दैन ।' हेमराजको बाटोलाई अबलम्बन गर्न सके उहाँप्रति सच्चा श्रद्धाञ्जली हुने उपाध्यक्ष पहारीको धारणा थियो । प्रतिष्ठानका सदस्य प्रा.डा. भवानीप्रसाद पाण्डेले स्व. हेमराज समग्र नेपालका समाजसेवी, साहित्यकार, कलाकार र संस्कृतिकर्मीका लागि प्रेरणादायी व्यक्तित्व भएको बताउनुभयो । सम्मानित व्यक्तित्व सत्यमोहन जोशीको जीवनीमाथि चर्चा गर्दै वरिष्ठ सात्यिकार सरुभक्तले हेमराजको पुरस्कार सत्यमोहन जोशी जस्तो व्यक्तिलाई प्रदान गर्नुले समग्र साहित्यिक एवम् सामाजिक क्षेत्रलाई प्रेरणा दिएको बताउनुभयो । उहाँले पोखराले हेमराज जस्तो व्यक्ति गुमाउनु पर्दा समग्र साहित्य क्षेत्रले पिडाको महशुस गरेको बताउँदै उहाँको बाटोमा हिंड्न सके पोखरेली साहित्यले सही बाटो लिने धारणा व्यक्त गर्नुभयो । साझा प्रकाशन संचालक समिति सदस्य अनिल पौडेलले हेमराजको व्यक्तित्व र कृतित्व आफ्ना लागि प्रेरणादायी भएको बताउँदै हेमराजका कृतिलाई प्रकाशन गर्न साझा प्रकाशन तैयार रहेको प्रतिवद्धता जाहेर गर्नुभयो । 'हेमराज देशभक्त, विम्व चेतना, गीति चेतनाको दीयो हुनुहुन्छ । त्यसैले उहाँको कृतिलाई दीगो बनाउन आवश्यक छ' पौडेलले भन्नुभयो, 'हेमराज पहिला व्यक्ति हुनुहुन्थ्यो अहिले संस्था हुनुभएको छ ।' प्राज्ञ तीर्थ श्रेष्ठले हेमराज जस्तो प्रेरणादायी व्यक्तिको पुरस्कार सत्यमोहन जोशी जस्तो व्यक्तिलाई प्रदान गर्नु पोखराको

बाँकी पाँच पृष्ठमा...

## उद्योगका कारण ज्योतिष भविष्यवाणी अप्ठ्यारोमा

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा-२, अर्चलबोट चोकमा केही महिना अघिदेखि संचालित कमल काठ उद्योगका कारण १६ वर्षमा चल्दै गरेको ज्योतिष भविष्यवाणी (साप्ताहिक) अप्ठ्यारोमा परेको छ । यसले राज्यको चौथो अङ्गको रुपमा रहेको पत्रकारितालाई फेरि पनि चुनौति दिंदै ज्योतिष समाचारपत्रलाई बन्द गर्ने चुनौति समेत दिएको छ ।

विगत ६ वर्षदेखि ज्यो.पं.मोक्षनाथ तिमिल्सिनाको घरमा कार्यालय स्थापना गरी नियमित रुपमा प्रकाशित हुँदै आएको ज्योतिष भविष्यवाणी (साप्ताहिक)को आडमा आई भारतका उद्योगपति धर्मेन्द्र शर्माले कमल काठ उद्योग खोलेर भएभरको बिजुली मुख्य लाइनबाट तानेर कामगर्दा ज्योतिष भविष्यवाणी तथा स्थानीयहरू पीडितमात्र बन्नुपरेको छैन पं.मोक्षनाथ तिमिल्सिनाको घर समेत पूरै चिरा-चिरा भई ध्वस्त हुने अवस्थामा छ । जुनसुकै उद्योग संचालन गर्दा पोखरा उप-महानगरपालिकाबाट स्थानीयको नाउँमा सातदिने सूचना प्रकाशित गरेरमात्र संचालन गर्नुपर्ने प्रावधान भएपनि कानूनलाई समेत चुनौति दिनेगरी फर्निचर उद्योग संचालित गरिएको छ । करिब १ वर्षअघि सोही ठाउँमा संचालित जयबाबा मेटल उद्योगका कारण ज्योतिष भविष्यवाणीको कम्प्यूटरको मोनिटरमा खरावी आई अर्को किन्दा एघार हजार रुपैयाँ खर्च भएको थियो भने यतातिर सम्पादकीय, समाचार, लेख रचना लेख्ने काम हुन्छ भने आडैमा संचालित फर्निचरको घ्यार्र-घ्यार्रको आजाव, घन ठोक्ने, भित्ता ठोक्ने, मेशिन चलाउँदाको चर्को आवाजले पत्रिकाको कार्यालयमा काम गर्ने अवस्था छैन ।

त्यतिमात्र होइन ज्योतिष भविष्यवाणी कार्यालयमा ज्योतिष परामर्श लिन आउने व्यक्तिहरु पनि त्यतिकै आइरहने गर्छन, उनीहरू समेत पीडित बन्नु परेको अवस्था छ । जुन ठाउँमा अब न त ज्योतिष सेवा लिन सकिन्छ न त कम्प्यूटर चलाएर काम गर्न सकिन्छ न त लेख्ने काम नै । विगत ६ वर्षदेखि ज्योतिष भविष्यवाणीले लिएको कार्यालयको आडैमा केही समय अघि मेटल उद्योग, भट्टी पसल हाल फर्निचर उद्योग राख्नुका पछाडि फर्निचर उद्योग स्थापित जग्गा धनी दुर्गा वाटाजु र उनका श्रीमान् वशन्त वाटाजुको नियत राम्रो नभएको घरधनी पं.मोक्षनाथ तिमिल्सिना, ज्योतिष भविष्यवाणी (साप्ताहिक) तथा अर्चलबोट चोकका स्थानीय वासिन्दाको बुझाइ छ । अझ गहिराइमा

बाँकी चार पृष्ठमा...

## श्री भैरव देवको महानता

डा.बलराम उपाध्याय रेग्मी

**पोखरा** : बाग्लुङ जिल्लाका काल भैरव देवलाई जीवनमा पहिलो पटक दर्शन गर्न जाँदा जीवनमा सबभन्दा ठूलो कष्टको अनुभव भएपछि 'भैरवदेव! आउँदो दिनमा म स्वयं पूजा गर्न आउन समर्थ रहने छैन प्रतिनिधि पठाउँदा पनि स्वीकार्नुहोला भन्दै फर्केको थिएँ । केही समयपछि फेरि काल भैरवको दर्शन गर्नै पर्नेभयो । पोखरादेखि बाग्लुङ काल भैरवसम्म ट्याक्सी रिर्जव गरी मेरा प्रतिनिधि एक्लै पुग्न सक्ने अवस्था सोच्दा कहाली लाग्यो । बाग्लुङका काल भैरवको ठाउँमा यता कतै पोखरामा भैरवको मन्दिर भइदिए पनि हुन्थ्यो, एकपटक पूजा गरी हेरौं भएछ भने बाग्लुङ जाने कष्ट सधैंलाई अन्त्य । यही सोचेर सायद हामी मंगलबारको दिन पोखरा-२ स्थित भैरव मन्दिरमा गयौं । पूजा गऱ्यौं । त्यसपछिका दिनमा स्वप्नामा भैरव देखिन छाडे । यति नजिकस्थित भैरव देवको खोजी र दर्शन गर्ने मौका मिलेपछि प्रत्येक वर्ष कुनै न कुनै अवसर पर्दा हामी पोखरा-२ स्थित भैरव मन्दिर जाने गर्दछौं ।

स्वप्नमा भैरव देवले बोलाएको ठानी पूजा गर्न जाँदा फरक पर्दैन । भैरव देवको पूजा कुन सामाग्रीले, कसरी गर्ने त्यहाँका पूजारीसंग सोधी गर्दा अति राम्रो हुँदो रहेछ । बाग्लुङका काल भैरव मन्दिरमा अर्कालाई उठाई दिने र भाकल फर्काउन जाने दुईथरी भक्त रहेको ज्योतिष भविष्यवाणीको अनुसन्धानले पुष्टि गरेको छ ।

पोखरा-२ स्थित भैरवदेव कहाँ पक्षी/विपक्षी भई के कति दर्शनार्थी जान्छन् ज्योतिष भविष्यवाणी अनुसन्धान गर्दै जाने भएको छ । भैरव देवको पूजा जहाँ गरेपनि हुन्छ भन्ने संकेत गर्ने भैरव देवको कस्तो महानता !

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:
- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink .com

## सम्पादकीय

# ज्योतिष वैज्ञानिक सन्दर्भमा मेडिकल डाक्टर

आयुर्वेद, डेण्टल र फिजिसियन, पशु तथा आँखा डाक्टर गरी पाँच किसिमका डाक्टरको नाम प्रायः सुन्न र देख्नमा आएको छ। कुनैपनि विषयमा पी.एच.डी. उपाधि समेत प्राप्त विद्वान व्यक्तिलाई समेत डा. भन्ने गरिन्छ। ज्योतिष वैज्ञानिक सन्दर्भमा यिनै पाँच प्रकारका 'डाक्टर योग' बारे हामी चर्चा गर्दैछौं। दिनभरि ज्योतिष भविष्यवाणी कार्यालयमा ज्योतिष परामर्श लिन आउने अभिभावक, छात्र-छात्रा मेडिकल विषय पढ्नु, पढाउनु सफल छ कि छैन जिज्ञासा राख्ने गर्दछन्। कतिपय डक्टर श्रीमान् श्रीमतीले जवर्जस्ती आफ्ना छोरा-छोरीलाई मेडिकल विषय पढाएर डक्टर बनाउन खोजिएको पनि पाइन्छ। तर जसको भाग्यमा मेडिकल पढेर डक्टर हुन लेखेको छ डक्टर हुने त्यहि हो। केही धनाढ्य व्यक्तिले पैसाकै बलमा आफ्ना छोरा-छोरीलाई जवर्जस्ती मेडिकल विषय पढाएर मेडिकल प्रोफेशनमा लगाउँदा त्यस्ता डक्टरले उपचार गरेका अथवा शल्यक्रिया गर्दा रोगीको मृत्यु हुन गई उल्टै विरामीका अभिभावक सरोकारवालाले अस्पतालसंग उल्टै दशौंलाख क्षतिपूर्ति माग गर्ने गरेको समाचार छ्याप-छ्याप्ती आइरहेका हुन्छन्। त्यस्ता डक्टर र बिरामी दुवैको हितमा के गर्न हुन्छ, के गर्न हुँदैन ज्योतिष वैज्ञानिक सन्दर्भमा अध्ययन गर्नु अति आवश्यक छ। मूलतः हाम्रो विगत चालिस वर्षको ज्योतिष वैज्ञानिक अध्ययन, अध्यापन, अनुसन्धान, प्रकाशन भविष्यवाणीबाट यो कुरा पुष्टि भयो कि मंगलग्रहबाट फिजिसियन अथवा एम.बी.बी.एस.डक्टर, चन्द्रग्रहबाट आयुर्वेद डक्टर, राहु ग्रहबाट डेन्टल डक्टर हेरिन्छ। त्यस्तै पी.एच.डी. डक्टर समेत मंगल ग्रहबाट हेरिन्छ।

कुनैपनि व्यक्तिको जन्मलग्न कुण्डलीमा मंगल ग्रह अङ्क १ अथवा ८ मा होस् साथमा राहु, केतु या शनि ग्रहमध्ये कुनै पनि नहोस् तव त्यस्ता व्यक्ति आधुनिक अंग्रेजी डक्टर बन्न सक्छन्। तर मंगलग्रह लग्नदेखि दोस्रो, छैटौं, आठौं र बाह्रौं भावमध्ये कुनैमा पनि नहोस् यदि त्यस्तो भयो भने त्यो व्यक्तिले मेडिकल पढेमा अल्पकालमा मृत्यु हुन्छ। अर्को अर्थमा लाखौं खर्च गरी मेडिकल विषय पढाएर पनि त्यो व्यक्ति मेडिकलको पेशा गर्दैन अथवा आफ्नै विषय भन्दा भिन्न क्षेत्रमा लागेर पेशा, व्यवसाय गर्ने हुन्छ। त्यसकारण कुनैपनि विद्यार्थीलाई एम.बी.बी.एस. फिजिसियन डक्टर गराउने हो भने उस व्यक्तिको जन्मलग्न कुण्डलीमा मंगलग्रह अङ्क १/८/१० मध्ये कुनैमा छ कि छैन त्यो हेर्नुपर्दछ, त्यस्तो व्यक्ति प्रथम श्रेणीका डक्टर हुन्छन्, जसले जो कसै रोगीलाई सफलतापूर्वक उपचार गर्ने गर्दछन्। आजीवन बद्नाम नभै रिटायर्ड हुन्छन्। दोस्रो श्रेणीका ती डक्टर हुन्छन् जसको जन्मलग्न कुण्डलीमा मंगल ग्रह अङ्क २/५/७/९/१२ अङ्क राशिमध्ये कुनैमा होस्, मंगल ग्रहका साथमा शनि, राहु, केतु ग्रहमध्ये कुनै नहोस् त्यस्ता विद्यार्थीलाई पनि मेडिकल विषय पढाउनु ठीक हुन्छ। यसप्रकारका द्वितीय श्रेणीका डक्टरले सरकारी जागीर पनि खाने, आफ्नो प्राइभेट क्लिनीकमा समेत रोगीलाई राम्रोसंग सेवा दिने गर्दछन्। तेस्रो त्यस्ता डक्टर पनि हुन्छन् जसको जन्मलग्न कुण्डलीमा मंगल ग्रह ३/४/६/११ मध्ये कुनैपनि अङ्कमा होस् राहु, केतु या शनि ग्रहमध्ये कुनै साथमा होस् त्यस्ता विद्यार्थीले मेडिकल विषय पढेर शतप्रतिशत् कार्य क्षेत्रमा सफलतापूर्वक लाग्न सक्दैनन्। मेडिकल विषयको प्रवेश परीक्षामा उत्तीर्ण गर्नै कठिन, उत्तीर्ण गरे पढ्नै कठिन, अति कठोर संघर्षपूर्वक पढेर मेडिकल डक्टर हुन सफल भएमा उमेरको २८ वर्षमा दुर्घटनामा परेर मृत्यु हुने गर्दछन्। त्यस्तो योग परेका मेडिकल विद्यार्थीमध्ये पोखराका समाजसेवी, उद्योगपति तथा पूर्व उद्योगमन्त्री हरि पाण्डेकी पुत्री शान्ति पाण्डेको जन्मलग्न कुण्डलीमा देखिएको थियो, जसको मृत्यु २८ वर्षमा नै भएको थियो, पोखराकै पृथ्वीचोकमा ट्रक दुर्घटनामा। जो मेडिकल डक्टरको जन्मलग्न कुण्डलीमा मंगल ग्रह निचो, शत्रू या अस्त अवस्थामा हुन्छ त्यस्ता डक्टर मेडिकल क्षेत्रमा कहिल्यै पनि सफल हुन सक्दैनन्। त्यसकारण मेडिकल डक्टर बनाएर दुनियाँका रोगीको अल्पकालमा मृत्युको मुखमा पुऱ्याउनुभन्दा मेडिकल विषय नपढाउनु धेरै गुणा इमान्दारिता हुन्छ। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा मंगल ग्रहका साथ राहु ग्रह होला ती व्यक्ति प्रायः अल्पकालमा मृत्यु हुने अथवा शरीरका अङ्ग नचल्ने रोगी हुने गर्दछन्। राहु, मंगल ग्रह एकैसाथ थियो स्व.दीपेन्द्र शाहको जन्मलग्न कुण्डलीमा। लग्नदेखि नवौं राज्य भाग्यस्थानमा रहेको राहु मंगल योगले स्व.युवराज दीपेन्द्रको परिवार नै समाप्त हुन पुगेको थियो। त्यसकारण राहु, मंगल एकैसाथ हुने व्यक्तिले झुक्किएर पनि मेडिकल पढ्नु ठीक होइन। जब मंगल ग्रह मजबूत होस्, भ्रामरी या मंगल ग्रहको कार्यकालमा मेडिकल परीक्षामा उत्तीर्ण हुन सकिन्छ। मंगल निचो, शत्रू राशिमा हुनेहरू लाखौं खर्च गरेर मेडिकल परीक्षा दिन्छन् तर उत्तीर्ण गर्न पनि सक्दैनन्, आमा बुबाको लाखौं रकम वर्वाद पार्ने गर्दछन्।

कतिपय व्यक्ति भाग्यमा होइन कर्ममा विश्वास गर्नु पर्दछ। परिश्रम गरेपछि असम्भव केही छैन भन्छन्। यदि त्यसो हुँदो हो भने मेडिकल डक्टर हुन कसलाई मन हुँदैन र ? मेडिकल डक्टर त्यहि व्यक्ति हुन्छन् जो जन्मजात डक्टरको रुपमा जन्मेका हुन्छन्। त्यस्ता डक्टर वास्तवमा भगवानकै रुपमा हुन्छन् जसको हातमा रोगी पुगेर कहिल्यै मर्नु पर्दैन। पूर्वीय महत्वपूर्ण शिक्षामध्ये आयुर्वेद चिकित्सा विज्ञान एक हो। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा चन्द्र ग्रह अङ्क ४/५/९/१२ मध्ये कुनैमा होला लग्नदेखि दोस्रो, छैटौं, आठौं र बाह्रौंमध्ये नहोस अन्यत्र जहाँ भएपनि त्यस्ता व्यक्ति सफल आयुर्वेद डक्टर हुन्छन्, तर चन्द्रमाका साथ राहु, केतु शनि ग्रह एकैसाथ नहोस्। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा चन्द्रमा अङ्क १/७ मध्ये कुनैमा होला त्यस्ता विद्यार्थी औषधि व्यवसायीको रुपमा सफल हुने गर्दछन्। जो व्यक्तिको चन्द्रमा अङ्क ३/६/८/१०/११ मध्ये कुनैमा होला त्यस्ता व्यक्ति औषधि व्यवसायीको रुपमा पेशा गरेमा डेटअफ भएको दवाई दिने, एउटा औषधि दिने ठाउँमा अर्कै दिने, तोकेको मूल्यभन्दा ज्यादा मूल्यदिंदा प्रहरीको फन्दामा पर्ने गर्दछन्। त्यसकारण औषधि व्यवसायीको पेशा होस् अथवा आयुर्वेदको अध्ययन गर्दा होस् आँफू त्यसैक्षेत्रको व्यक्ति हो कि होइन बुझेरमात्र अध्ययन गर्नु अति उत्तम हुन्छ। हाम्रो शरीरका विभिन्न अङ्गमध्ये दाँत पनि एक ज्यादै संवेदनशील विषय हो। दाँत बारे उपचार गर्ने व्यक्तिलाई हामी डेन्टिस्ट अथवा दन्त चिकित्सकको रुपमा चिन्दछौं। दन्त चिकित्साको पढाई राहु ग्रहको आधारमा हेरिन्छ। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा राहु ग्रह प्रथमभाव लग्नदेखि तृतीय भाव, लग्नदेखि सातौं भाव, नवौं र दशौं, एघारौं भावमध्ये राहु होस् त्यस्ता व्यक्ति सफल, दक्ष चिकित्सक हुन्छन् तर राहु लग्नदेखि दोस्रो, चौथो, छैटौं, आठौं, बाह्रौं भावमध्ये कुनैमा पनि राहु छ भने त्यस्ता व्यक्तिले दन्त चिकित्सा विज्ञान पढ्नु हुँदैन। राहु र सूर्य ग्रह एकै साथ भएमा अथवा राहु मंगल एकसाथ भएमा अथवा वा शनि ग्रह एकैसाथ भएमा पनि दन्त चिकित्सा विज्ञान पढ्नु हुँदैन, पढेमा सफलता प्राप्त गर्न सकिने छैन। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा शुक्र ग्रह अङ्क दुई, सात, बाह्रमध्ये कुनैमा होस् साथमा राहु, केतु, शनिमध्ये कुनै ग्रह साथमा रहेको नहोस् तब त्यो व्यक्ति स्त्री रोग विशेषज्ञ, यौन रोगी चिकित्सक, एच.आई.भी. एडस् तथा लिकोरिया रोगको विशेषज्ञ डक्टर हुन्छन्। जसको जन्मलग्न कुण्डलीमा शनि ग्रह अङ्क १० या ११ मा होला साथमा राहु या केतु नभएमा त्यस्ता व्यक्ति सफल नशा रोग विशेषज्ञ हुन्छन्। नेपालका ख्यातिप्राप्त नशा रोग विशेषज्ञ डा.उपेन्द्र देवकोटाको जन्मलग्न कुण्डलीमा शनि ग्रह मजवूत रहको स्पष्ट बुझ्न सकिन्छ। पोखराका ख्यातिप्राप्त डाक्टर नारायण गौतम, डा.कालु शर्मा तथा मणिपाल अस्पतालका अधिकांश फिजिसियन डक्टरको जन्मकुण्डलीमा मंगलग्रह मजवूत रहेको पाइएको छ। विराटनगर निवासी वरिष्ठ फिजिसियन डक्टर रञ्जनकुमार सिंहको जन्मलग्न कुण्डलीमा मंगलग्रह मजवूत पाइएको छ। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा मंगलग्रहका साथ बुध ग्रह पनि उँचो, स्वगृही या मूल त्रिकोण अवस्थामा होला ती डक्टर रेडियो थेरापीका समेत विशेषज्ञ हुन्छन्। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा वृहस्पति ग्रह कुनै भावमा मजवूत अवस्थामा होस् त्यस्ता व्यक्ति दम, स्वास-प्रस्वास रोगी विशेषज्ञ हुन्छन्। जो व्यक्तिको जन्मलग्न कुण्डलीमा सूर्य अङ्क १/५/९ मध्ये कुनैमा होस् साथमा राहु, केतु या शनि नहोस् तव ती व्यक्ति सफल आँखा रोग विशेषज्ञ हुने गर्दछन्। आँखाको ज्योति र सूर्य ग्रहको भित्र पाइने प्रकाश ज्योतिषको चुम्बकीय कारण र आँखा रोग विशेषज्ञको कुण्डलीको मजवूत सूर्यको त्रिकोण शक्तिको कारणले आँखारोग विशेषज्ञ हुन्छन् केही व्यक्ति। जुन ग्रह मजवूत छ, त्यै ग्रहले जनाउने विषयलाई पढेर विशेषज्ञ बन्दो रहेछ भन्ने ज्योतिष वैज्ञानिक अनुसन्धानले पुष्टि गरेको छ। त्यसकारण आँफू के पढेर के बन्न जन्मेको हो ज्योतिष वैज्ञानिक सन्दर्भमा विश्लेषण, जानकारी गरी अगाडि बढेमा व्यक्ति स्वयं उसबाट सेवा प्राप्त गर्ने सेवाग्राही समाज तथा राष्ट्रलाई नै महत्वपूर्ण योगदान गर्न सकिन्छ।

# ज्योतिषलाई काम नलाग्ने बजेट बढ्यो

ज्योतिष भविष्यवाणी

**पोखरा** : ज्योतिष क्षेत्रको विकासका लागि अहिलेसम्म कुनै सहयोग नगरेको जिल्ला विकास समिति कास्कीको बजेट यसवर्ष झण्डै दोब्बर हुने भएको छ। अन्य जुनसुकै क्षेत्रलाई आर्थिक सहयोग गर्ने जिविसले ज्योतिष जस्तो महत्वपूर्ण क्षेत्रको विकासमा कुनै सहयोग नगर्दा ज्योतिषीहरू आश्चर्यमा परेका छन्। जिल्ला विकास समिति कास्कीको २१औं जिल्ला परिषदले आगामी आर्थिक वर्ष २०७०/२०७१ का लागि विभिन्न विषयगत क्षेत्र अन्तर्गत ४ अर्ब ६३ करोड २९ लाख ३१ हजार रुपैयाँको बजेट प्रस्ताव गरेको छ। प्रस्तावित बजेटमध्ये पुँजीगततर्फ ६० प्रतिशत र चालुतर्फ ४० प्रतिशत बजेट विनियोजन गरिएको छ। कास्की जिविस अन्तर्गत आर्थिक विकास समितिका लागि १ अर्ब ५ करोड ४३ लाख ५७ हजार रुपैयाँ, सामाजिक विकासतर्फ १ अर्ब ७९ करोड ५५ लाख ७८ हजार रुपैयाँ विनियोजन गरिएको छ। वन तथा वातावरण समितिका लागि ६ करोड १० लाख ८१ हजार र भौतिक पूर्वाधार समितितर्फ १ अर्व ७२ करोड १९ लाख १५ हजार रुपैयाँ गरी कुल ४ अर्ब ६३ करोड २९ लाख ३१ हजार रुपैयाँ विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्ष २०७०/२०७१ का लागि जिविस तर्फको मात्र ८३ करोड ४९ लाख ३५ हजार रुपैयाँको बजेट प्रस्तुत गरिएकोमा जिविसतर्फ चालुमा २७ करोड ६१ लाख ५९ हजार र पुँजीगततर्फ ५५ करोड ८७ लाख ७६ हजार रुपैयाँ रहेको छ। जिविसतर्फको यो बजेट चालु आर्थिक वर्ष २०६९/२०७० को भन्दा ११.३५ प्रतिशतले बढी छ। आर्थिक वर्ष २०७०/२०७१ का लागि प्रस्तावित कार्यक्रमहरुमध्ये ग्रामिण सडक र पुल र झोलङ्गे पुल पूर्वाधार निर्माणमा ८७ करोड २४ लाख ८१ हजार, खानेपानी आयोजनाको निर्माण, मर्मत र सुधारतर्फ २१ करोड ६४ लाख १५ हजार तथा सिचाई आयोजनातर्फ ६ करोड ४३ लाख ५६ हजार रुपैयाँ प्रस्ताव गरिएको छ। प्रस्तावित बजेटबाट ९ वटा सडकमा कालोपत्रे, ४३ वटा सडकको स्तरोन्नति र ६० वटा सडकको नियमित मर्मत एवं ८ वटा मोटरेबल पुल र ६ वटा झोलुङ्गे पुल निर्माणमा खर्च गरिने बताईएको छ। यसैगरी खानेपानी आयोजनातर्फ ४८ वटा, ग्रामिण खानेपानी आयोजना, दुई वटा आकाशेपानी संकलन र दुई वटा लिफ्ट खानेपानी योजनाका साथै जिल्लाका विभिन्न स्थानमा २७ वटा साना तथा मझौला सिंचाई कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएको छ।

यसैगरी आगामी आर्थिक वर्षभित्र कास्कीका ९५ प्रतिशत घरधुरीमा बिजुली वत्ती पुऱ्याउने र त्यसका लागि २ करोड ८३ लाख रुपैयाँ खर्च गरिने भएको छ। कास्कीका शैक्षिक पूर्वाधारको निर्माण मर्मत र सुधार एवं शैक्षिक जनशक्तिको विकासका लागि ११ करोड ७० लाख तथा महिला सशक्तिकरण र महिलाको आयआर्जन सम्बन्धी कार्यक्रमका लागि १ करोड ८ लाख रुपैयाँ साथै बालबालिकाको कार्यक्रमका लागि ७५ लाख रुपैयाँ खर्च गर्ने प्रस्ताव गरिएको छ। कास्कीमा कृषि तथा पशु विकास एवं प्रसारका लागि २ करोड २३ लाख रुपैयाँ र वन क्षेत्रको विकास र विस्तार र संरक्षणका लागि ३ करोड ५४ लाख रुपैयाँ प्रस्ताव गरिएको छ भने क्षमता विकास आयआर्जन र सशक्तिकरणतर्फ जिविसको आन्तरिक कोषबाट १ करोड २० लाख रुपैयाँ खर्च गरिने भएको छ।

# केदारेश्वर महादेवमणिमा धार्मिक कार्यक्रम आयोजना

ज्योतिष भविष्यवाणी

**पोखरा** : महाशिवरात्रीको अवसरमा केदारेश्वर महादेवमणि मन्दिर बैदाम, पोखरामा त्रिदिवसीय कार्यक्रम हुने भएको छ।

फाल्गुन २५ देखि २७ गतेसम्म चल्ने त्रिदिवसीय कार्यक्रम अन्तर्गत भजनकीर्तन, शनिमहाकाल मृत्युञ्जय पाठ, रुद्राभिषेक, शिवलिङ्गमा दूध चढाउने, अखण्ड दीप प्रज्वलन, शिवध्वनी, सन्ध्याकालीन आरती लगायत कार्यक्रम हुने मन्दिर संरक्षण समितिका अध्यक्ष सूर्यनाथ अधिकारीले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो। भगवान शिवको महिमास्वरुप हरेक वर्ष शिवरात्रीको अवसरमा केदारेश्वर मन्दिरमा शिवरात्री विशेष कार्यक्रम हुँदै आएको मन्दिरका पुजारी इन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो। कार्यक्रम सफल पार्न सम्पन्न बैठकले पहिलो दिन बेलुका ४ बजे भजनकीर्तन गर्ने र दोस्रो दिन शनि महाकाल मृत्युञ्जय पाठ तथा साँझ भजनकीर्तन र प्रसाद वितरण कार्यक्रम गर्ने निर्णय गरेको छ। यसैगरी मुख्य दिन शिवरात्रीमा शिवलिङ्गमा दूध तथा बेलपत्र चढाउने कार्यक्रम दिनभरि चल्नेछ भने दिउसोमा आरती, अखण्ड लक्ष्यवर्तीका दीपदान, सन्ध्याकालीन आरतीसहित भजनकीर्तन गर्ने निर्णय भएको उपाध्यक्ष शंकर पोखरेलले बताउनुभयो।

मन्दिरका अध्यक्ष अधिकारीको अध्यक्षतामा सम्पन्न बैठकमा सल्लाहकारहरु हुतराज श्रेष्ठ, चिन्तामणि बाँस्तोला, सीता पाण्डे, गंगाबहादुर कार्की, सचिव खेमबहादुर पहारी, सहसचिव शंकर तिवारी, कोषाध्यक्ष मीना भट्टराई, सह-कोषाध्यक्ष रामजी बस्ताकोटी, मन्दिरका पुजारी इन्द्रप्रसाद पौडेल, ढोरबाराही आमा समूहकी अध्यक्ष सुशीला पहारी, अन्नपूर्ण आमा समूहकी अन्नपूर्ण कुँवर, मितेरी नारी समूहकी अध्यक्ष कल्पना पहारी, भजनकीर्तन संयोजक हुमनाथ पहारी, ड्यामसाइड टोलसुधार समिति अध्यक्ष शिवजी बराल, पतञ्जली योगका जिल्ला अध्यक्ष दीपक सिग्देल, मन्दिरका सदस्यहरु रामजी बानियाँ, कमल बाँस्तोला, विष्णुबहादुर श्रेष्ठ, लक्ष्मण गौतम, तुम्ला श्रेष्ठ, पद्मा आचार्य, सुशीला भट्टराई, सरस्वती पहारीलगायतले आ-आफ्नो सुझाव दिनुभएको बताइएको छ। केदारेश्वर मन्दिरको महिमालाई अझ उच्च राख्न अघिल्लो वर्ष मन्दिर परिसरमा एकसय आठवटा शिवलिङ्ग स्थापना गरिएको बताइएको छ।

## ज्योतिष भविष्यवाणी साप्ताहिकका वार्षिक सदस्यहरू

गताङ्कको बाँकी... २०६९/११/१७ गतेदेखि फाल्गुन २४ गतेसम्म/

| क्र.सं. | सदस्यहरूको नाम थर | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|
| ९५७ | विष्णुकुमारी बराल | लेनपा-४, कास्की | ९८४६१०३६९८ |
| ९५८ | करिष्मा सापकोटा | अर्घौंकालिका-६, कास्की | ९८०४१२०६३२ |
| ९५९ | मनबहादुर गुरुङ | जोगीमरी-१, कास्की | ९८४६३०४५१० |
| ९६० | दुर्गा गुरुङ | जोगीमरी-१, कास्की | ९८४६३०४५१० |
| ९६१ | स्वरुप गुरुङ | जोगीमरी-१, कास्की | ९८४६३०४५१० |
| ९६२ | कृष्ण हिताङ | चापाकोट-५, स्याङ्जा | ९८४६२०२६९७ |
| ९६३ | सोमबहादुर हिताङ | जोगीमरी-१, कास्की | ९८४६६१३९१६ |
| ९६४ | महेश बहादुर खड्का | लेकसाइड, पोखरा | ९८१७१६०१७८ |
| ९६५ | पिताम्वर पोखरेल | पुतली नपा-७, स्याङ्जा | ९८४६६१९६१९ |
| ९६६ | चोलाकान्त पोखरेल | पुतली नपा-७, स्याङ्जा | ९८०३६९२५१८ |
| ९६७ | नारायण रानाभाट | कास्कीकोट-८, कास्की | ९८१४१६०१७८ |
| ९६८ | प्रेमबहादुर पाठक | दुलेगौंडा-९, भुरुडे, तनहुँ | ९८४१३३०३३ |
| ९६९ | रेपनाथ आचार्य | भरतपोखरी-८, कास्की | ९८४६०५९६२२ |
| ९७० | अशोक क्षेत्री | सर्कुवा-७, बाग्लुङ | ९८४६०६०४३३ |

# नाटक : ज्योतिषी जनवार्ता

लेखक : ज्यो.डा.बलराम उपाध्याय रेग्मी

**दृश्य-१**

भारतको उत्तरप्रदेश हरिद्वार अपररोड पोष्ट अफिसदेखि सिधा दक्षिणगल्ली बिरला हाउसदेखि उत्तरस्थित एउटा घरको कोठा, कोठाको भित्तामा एउटा भित्ते घडि, फूलका गमला, ३/४ वटा छन्, सानो कम्पाउण्ड, घरमा कुनै सदस्य छैनन्, एउटा कुर्ची आगनमा छ, फलामको चेन गेट बाहिर गाडीहरू गुडेको आवाज आइरहेको छ। संस्कृत पढ्न गएका एकजना नेपाली विद्यार्थी कुर्चीमा बसेका छन्। मौसम सफा छ।

पुष्पा: के म भित्र प्रवेश गर्न सक्छु ?

नेपाली पण्डित : हजुर ! यहाँलाई स्वागत छ।

पुष्पा : तपाईंलाई हात हेराउन आउँछ होला, होइन पण्डित जी ?

नेपाली पण्डित : हो माताजी, म हात पनि हेर्छु।

पुष्पा : पण्डितजी मैले कार कहिले किन्छु ? भनिदिनुस न (हात फैलाउँदै)

नेपाली पण्डित : हात हेर्दै माताजी ! तपाईंले आउँदो ३/४ महिनाभित्र कार किनिसक्ने देखिन्छ।

पुष्पा : पण्डित जी मलाई अरु केही सोध्नु छैन। म गएँ (प्रस्थान गर्दै)

**दृश्य-२**

तीन महिनापछि सोही घर पण्डित एउटा कुर्चीमा बसेका छन्। गेट घच्घच्याएको अवाज आउँछ।

नेपाली पण्डित : को हुनुहुन्छ ? (चर्को स्वरमा)

पुष्पा : पण्डित जी म पञ्जाव राज्यबाट।

नेपाली पण्डित : केही काम थियो कि ?

पुष्पा : पण्डित जी तपाईंले मलाई तीन महिनाभित्र कार किन्छ्यौ भन्नुभएको थियो, मैले कार किनें।

नेपाली पण्डित : माताजी!कुर्चीमा बस्नुहोस्।

पुष्पा : बस्ने त फुर्सद छैन। अहिले भरखर हरिद्वार तीर्थ भ्रमण गरी पञ्जाव जाँदैछु। पण्डितजीलाई भविष्यवाणी पुगेकोमा केही उपहार भेटौं भनि पसेकी। केही रकम नेपाली पण्डितको हातमा राखिदिंदै (प्रस्थान)

एउटा नेपाली विद्यार्थी : दाई ! तपाई त ज्योतिषी पनि हुनुहुँदो रहेछ। मेरो हात पनि हेरिदिनोस् न। (हात पसार्दै)

नेपाली पण्डित : म हरिद्वारमा अध्ययन गर्दासम्म चिना हात हेराउँदिन मित्र। हेराउने काममा लागें भने पढाई बिग्रिन्छ, कम्तिमा बी.ए. शास्त्रीको परीक्षा उत्तीर्ण गरेपछिमात्र हेराउन शुरु गर्नेछु।

नेपाली विद्यार्थी : भैगो त्यसो भए (प्रस्थान गर्दै)

**दृश्य-३**

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रको धौलागिरि अञ्चलमा पर्ने पर्वत जिल्लाको खुर्कोट-४, रेग्मीथोकस्थित एउटा घरको पिंढीमा भदौ महिनाको कुनै दिन नेपाली पण्डित मकै भुल्याउँदै।

चाउकाका माइला : तैले त निकै धेरै पढिछस् भन्ने सुन्छु, कति पढिस् ? (ठुस्स पिंढीको गुन्द्रीमा बस्दै)

नेपाली पण्डित : माइला बा ! मैले मेरठ विश्वविद्यालय भारतबाट अंग्रेजीमा बी.ए., सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट नव्य व्याकरण विषयमा शास्त्रीको अध्ययन पूरा गरें।

चाउकाका माइला : तँ यतिधेरै पढेको मान्छे, हिंड् जाउँ बर्दिया।

नेपाली पण्डित : जाउँ भने जाउँ माइलाबा।(केही दिनपछि बर्दिया प्रस्थान गर्दै)

**दृश्य-४**

चाउकाका माइला : माड खोलो तरेर शान्तिपुर पुग्नु छ। नेपालगंज बसपार्कबाट धंभोजी हुँदै आउँदा यहीं खजुरामा साँझ पर्‍यो। कंडेल बाबु वास पाइन्छ ?

कंडेल बाबु : हामी बिहुँकोटे, तपाई पर्वतका खुर्कोटे बास नपाइने त कुरै छैन, बसौं (मकैका भुत्लाबाट बनाएका २ वटा चकटी दिंदै)

चाउकाका माइला : यो हाम्रै दाइको छोरो हो। भर्खर भारतबाट अंग्रेजीमा बी.ए., संस्कृतमा शास्त्री पास गरेर आएको छ। ज्योतिष पनि राम्रो जान्दछ। चिना, हात सबै हेर्छ। दिनभरि गाडीको यात्राबाट आएको निकै भोकाएको छ। पहिला के खाउँ ?

कंडेल बाबु : खै ! हाम्ले पकाएको भात खानु हुन्नवला। हरिया मकै र चिया भएपनि खानुहोस् (दिंदै)

कंडेल पुत्री विना : बोकेको डोको भुईमा राख्दै बा ! हात, चिना हेराउन चौपट्टै मन लागेको छ।

कंडेल पत्नी शान्ति मायाँ : ज्योतिषीको आगमन भयो, हाम्रो भाग्य खुले जस्तो छ।

कंडेल बाबु : पहिला पाउनालाई खाना खुवाईवरी रातमा हेर्ने हो कि चिना ? अहिल्यै नआत्तिइन।

शान्ति मायाँ : (भदौका हरिया मकै पोल्दै दिंदै दूध, मोही थप्दै) बाबु लाज नमानीकिन खानु होला।

चाउकाका माइला : यो त विदेश खेलेको कसैको लाज मान्दैन।

कंडेल पुत्री विना : बा! सबभन्दा पहिले हाम्रो हात हेर्ने। हामीलाई त छिटो निंद लाग्छ।

कंडेल बाबु : हल हल न आत्तिइन। पहिला तिमीहरू हेराउला।

नेपाली पण्डित : दुईजना चिटिक्क परेका राम्री कंडेल पुत्रीको हात हेर्दै-'समग्रमा भन्नुपर्दा तपाई सफल महिला हो। जीवनमा कुनै प्रकारको ठूलो दुःख विपत्ति बेहोर्नु पर्ने, ठूलो रोगले पीडित हुनुपर्ने, श्रीमान्को कुटाई खानुपर्ने, श्रीमान् श्रीमतीबीच बाहैमास कचकच गर्नुपर्ने केही छैन। विवाह भने २१-२५ उमेरबीच गर्नुपर्ने हुन्छ।

कंडेल पुत्री विना : तपाईंले भनेको सबै चित्त बुझ्यो। जन्मेदेखि अहिलेसम्म दुःख पाएकी पनि छैन। दुःख पाउँला जस्तो पनि लाग्दैन।

कंडेल पुत्री जीना : ज्योतिषी भनौं कि, सर भनौं कि, पण्डित जी भनौं नमस्कार !

नेपाली पण्डित : नमस्कार ! जुन नामले पुकारे पनि केही फरक पर्दैन। चिना हात हेर्नेलाई ज्योतिषी भनेर रिसाउने कुरा पनि भएन। अंग्रेजी पढेको, अंग्रेजी पढाउने व्यक्तिलाई सर! भन्दा पनि अन्यथा मान्ने कुरै भएन। बाहुनको छोरो, त्यसमा पनि ज्योतिषी पण्डित भन्दा रिसाउनु पर्ने कारण पनि केही छैन। बस नानी अलि नजिक आउ। (हात हेर्दै) समग्रमा भन्नुपर्दा दिदीजस्तो तिम्रो जीवनमा खरावी केही छैन। दुःख विपत्ति देख्नुपर्ने छैन। श्रीमान्संग छुट्नु पर्ने, छोरा-छोरी नहुने, धेरै छोरा-छोरी भएर खान नपुग्ने, सधैं रोगबाट पीडित हुनुपर्ने, अस्पताल धाउँदा-धाउँदा धन रित्तिने, तान्त्रिक कहाँ गै झारफूक गराउँदा-गराउँदा घर खेत नै बेच्नु पर्ने अवस्था केही छैन, परिश्रम भने कडा गर्नुपर्नेछ, अरु केही सोध्छयौ ?

कंडेल पुत्री जीना : भयो ज्योतिषी बा ! म अब सुत्न जान्छु। भोलि बिहान एक डोको घाँस नल्याए खान पाइदैन। घरभरि गाई भैंसी छन्। (सुत्न कोठातिर प्रस्थान)

कंडेल पत्नी शान्ति मायाँ : ज्योतिषी बाबु हेराउनु पर्ने छोरीहरूकै थियो। आँफैले हेराए, हामी बुढाबुढीलाई हेराउनु छैन। अब रात पनि छिप्पियो, विश्राम गर्नुस्।(सबै आ-आफ्ना विस्तरामा सुत्न जान्छन्)

**दृश्य : ५**

बाँके जिल्लाको खजुरास्थित कंडेलको घरबाट चाउकाका माइला र नेपाली पण्डित प्रस्थान गर्छन्।

कंडेल पुत्री विना र जीना हृदयदेखि नै मायालाई कर्के आँखाको नजरबाट परैदेखि पोख्दै छन्। फेरि-फेरि पनि आउँदै गर्नुहोला विना र जीनाको नजरले भनिरहेका थिए। माइला बा र नेपाली पण्डित बीच बाटैबाटो हिंड्दैछन्। माडखोलो नजिक आइपुगेको छ। यो नबग्ने खोलाले के त गर्ला भन्दै बाबु छोरा खोलाभित्र पसे। टुप्पीभन्दा माथि डुब्यो तर छामछुम गर्दै खोला पारी तरे, चिसो कपडा फेरेर, सुक्का कपडा लगाए। (लमक-लमक हिंड्दै)

एक जना गोठालो ! : बा ! कान्छी दिदी त बिहान गाई भैंसी चराउन गएकी त्यै बाटो !

चाउकाका माइला : (मन मनै) यो बर्दिया जिल्ला यति फरवार्ड छ कि यहाँ गाई भैंसी चराउन गएका केटा-केटी उही बाटो भागेर विवाह गर्छन्। राम्रा स्वास्नी, छोरी, बुहारी भेटे भारतीयहरूले भगाई बोर्डर पारी पुऱ्याउँछन्। त्यही एउटी कान्छी छोरी विवाह गर्न बाँकी थिई त्यै पनि भागिछ(मन अँध्यारो पार्दै) काइला अलि विस्तारो हिंड, मेरो त खुट्टाले टेक्नै छोडे (बर्दियाको कपास खेतीले सेताम्मै फाँट हिंड्दा-हिंड्दा शान्तीपुर आइपुग्छ। झपक्क साँझ पनि पर्छ। चाउकाका माइला, नेपाली पण्डित, माइलाको परिवारका सदस्य खाना खाईवरी सुत्छन्।

**दृश्य-६**

बर्दिया जिल्लाको शान्तिपुर ठाउँ सानो चारैतिर गल्ली बनाइएका जहाँदेखि जसको घर जानु परेपनि गल्लीको सिधा बाटो पुगिने, पर शान्तिपुरको एक छेउमा एउटी गिरी पुत्री मैनाचरीलाई हा!हा!हा! गर्दै भगाउँदै छिन्। बर्दियाभरि मैना लाग्दा रैछन् मकैबारीमा। चारैतिर रमाइलो छ।

नेपाली पण्डित, चाउकाका माइला (पिंढीमा बसेर दुःख सुखका कुराकानी गर्दै) पर्वतको खुर्कोट-४ का बर्दिया बसाई सरेका मुखियाको कान्छा छोराको प्रवेश।

आगन्तुक : माइला बा! उहाँ को हुनुहुन्छ ?

चाउकाका माइला : यी नेपाली पण्डित हुन्। बी.ए.शास्त्री पास गरेका छन्। ज्योतिषी पनि हुन्। हात, चिना राम्रो हेर्छन्।

अर्का आगन्तुक : माइली आमा उहाँ को हुनुहुन्छ ?

माइली बजै : तिम्रै माइला बाले पर्वतबाट ल्याएका ज्योतिषी।

आगन्तुक : होइन माइली आमा ज्योतिषी बालाई हामी एक/दुई घण्टाका लागि हाम्रा घर लान्छौं।

भाउकाका माइला/माइली बजै : लग्न त लग तर जहाँ पायो त्यहाँ खाँदैनन्। यिनलाई आँफै पकाई खुवाउने व्यवस्था मिलाउनु।

आगन्तुक : ज्योतिषी बा खानामा पुरी, सब्जी त चल्छ होला नि ? यो बर्दियामा कपास सप्रे तीनवर्ष तास खेलेर पनि खान पुग्छ, बिग्रियो भने सरकारले तेल मैदा दिन्छ। हामी कसैगरे पनि दुःख पाउनेमा पर्दैनौं। ज्योतिषी बा घर पनि आइपुग्यो।

आगन्तुककी आमा : ज्योतिषी बा! पहिला बस्नुहोस्, चिया पुरी खाउँ अनिमात्र चिना हात, हेराउन शुरु गर्नुहोला।

नेपाली पण्डित : (मनमनै) होइन यो बर्दियाका महिला कति फुर्तिला हुन्, कति चाखिला हुन् ? हाम्रो पर्वत जिल्लातिर भए पाउना देखे घरको ढोका थुनेर कतै लाग्ने थिए। क्रमशः


ज्योतिष भविष्यवाणी प्रत्येक बिहीबार आइनपुगेमा सम्पर्क
९८५६०२०९१४
०६१-५४०३४७



# ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/

कार्यालय : पोखरा-२, अर्चलबोटचोक, कास्की (बाग्लुङ नयाँ बसपार्कदेखि दोस्रोचोक)

फोन सम्पर्क : ९८४६२१८८१५, ९८४६४६५५०९

## हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्म-कुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,

२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,

३) जन्म-कुण्डलीको आधारमा लिखित भविष्यवाणी गर्ने,

४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,

५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिदिने।


# हार्दिक समवेदना

नेपाल प्रेस युनियनका संस्थापक, नेपाली कांग्रेसका नेता, पूर्व सभाषद् शोभाकर पराजुलीकी ममतामयी माता **विद्यादेवी पराजुली**को उमेर ९३ वर्षमा छातीको रोगबाट चितवनको भरतपुरमा निधन भएकोमा उहाँको स्वर्गीय आत्माको मोक्षको कामना गर्दै शोक सन्तप्त आफन्त शुभेच्छु सबैमा धैर्यधारण गर्ने शक्ति मिलोस् हार्दिक समवेदना प्रकट गर्दछौं।

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

संस्थापक अध्यक्ष

**नेपाल ज्योतिष पत्रकार संघ, नेपाल**

केन्द्रीय पार्षद-**नेपाल प्रेस युनियन**

संस्थापक/सम्पादक-**ज्योतिष भविष्यवाणी (साप्ताहिक)**

**रेडियो अन्नपूर्ण ९३.४ पोखरा परिवार**

**सुनौलो एफ.एम. १०२.२ पोखरा परिवार**

**धौलागिरि एफ.एम. ९८.६ बाग्लुङ परिवार**

केन्द्रीय पार्षद-**नेपाल पत्रकार महासंघ जिल्ला शाखा, कास्की**

# रेडियो गण्डकीले मनायो वार्षिकोत्सव

ज्योतिष भविष्यवाणी

**पोखरा** : सामुदायिक रेडियो गण्डकी ९०.२ मेगाहर्ज पोखराले आफ्नो छैटौं वार्षिकोत्सवको अवसरमा आफ्ना कर्मचारीलाई पुरस्कृत गरेको छ। पुरस्कृत हुनेहरूमा गण्डकी संचार गृहद्वारा संचालित जन कलाकारिता पुरस्कार–२०६९ बाट म्याग्दी घर भई पोखरा ६ बैदाम बस्दै आउनुभएका डम्बरबहादुर पुर्जामगर, जन पत्रकारिता पुरस्कारबाट गण्डकी सञ्चार गृहका कार्यक्रम संयोजक अपिल त्रिपाठी र उत्कृष्ट कर्मचारी पुरस्कारबाट समाचार शाखामा कार्यरत पत्रकार घनश्याम पाण्डेय रहनुभएको छ। उहाँहरुलाई जनही ५ हजार रुपैयाँ र सम्मानपत्रले पुरस्कृत गरिएको थियो। कार्यक्रमको उद्घाटन गर्दै एकीकृत ने.क.पा. माआवादीका तमुवान संयोजक डिलाराम आर्चायले मोफसलमा रहेको गण्डकी सञ्चार गृहले आवाज विहीनहरूको आवाजलाई बुलन्द पारेको बताउँदै संचार माध्यमहरूले अझै शोषित पीडित नागरिकका आवाजलाई उठाउनुपर्ने जोड दिनुभयो। उहाँले सरकारले समानुपातिक विज्ञापन नीति कार्यान्वयनमा लगेको भन्दै अब मोफसलका सञ्चार माध्यमलाई केही आर्थिक राहत हुने विश्वास व्यक्त गर्नुभयो।

एनेकपा माओवादी कास्कीका संयोजक झलकपाणि तिवारीले पुरस्कारले कार्य सम्पादनमा क्रियाशिलता पत्रकारको काममा जोश थपिने बताउनुभयो। पूर्व सभासद राजकाजी गुरुङ 'करण'ले संचारमाध्यम सम्पूर्ण राष्ट्र, जनता र उत्पीडित जनताको पक्षमा लाग्नु पर्ने बताउनुभयो। नेपाल पत्रकार महांसघका केन्द्रीय सदस्य रुद्र भट्टले पत्रकारिता क्षेत्र अझै पनि जोखिममा रहेको भन्दै जनताको पक्षमा उभिएर कलम चलाउनुपर्नेमा जोड दिनुभयो। पत्रकार महासंघ कास्कीका उपाध्यक्ष एवं जनपत्रकारिता छनोट समितिका सदस्य राजबहादुर गुरुङले आर्थिक समस्याका कारण निरन्तरता दिन नसकेका सञ्चारमाध्यमहरुलाई सरकाले समानुपातिक रुपमा वितरण गर्ने भनेको विज्ञापनबाट ठूलो राहत मिल्ने बताउनुभयो।

कार्यक्रममा राज शर्मा, अखिल नेपाल जनसांस्कृतिक महासंघ तमुवानका उपाध्यक्ष नारायण मरासिनी, दुर्गा पहारीलगायतले आ- आफ्नो भनाई राख्नुभएको थियो। यसैबीच सशस्त्र प्रहरी उपरीक्षक शम्भु उप्रेतीको आतिथ्यतामा रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो। कार्यक्रममा गण्डकी माछापुच्छ्रे सञ्चार सहकारीका अध्यक्ष लक्ष्मण गुरुङ, प्रबन्ध निर्देशक लोकप्रसाद बञ्जराले लोक सस्कृतिको संरक्षण गर्नु पनि सञ्चार माध्यमको महत्वपूर्ण भूमिका हुने बताउनुभएको थियो।

# ढोरफिर्दीका समाजसेवी महत सम्मानित

ज्योतिष भविष्यवाणी

**पोखरा** : लामो समयदेखि सामाजिक क्षेत्रमा सक्रिय तनहुँ ढोरफिर्दीका समाजसेवी ज्ञानबहादुर महत सम्मानित हुनुभएको छ।



ज्ञानबहादुर महत

भाषा, साहित्य, कला, संस्कृतिको उत्थान, बाराही साहित्यिक प्रतिष्ठान भन्ने मूल उद्देश्यका साथ २०६६ सालमा स्थापित बाराही साहित्य प्रतिष्ठान ढोरफिर्दी, तनहुँले शनिबार ढोरफिर्दीमा आयोजित काव्यमाला तथा सम्मान कार्यक्रममा उहाँलाई वरिष्ठ लोक गायिका हरिदेवी कोइरालाले सम्मानित गर्नुभएको हो। महतलाई सम्मान गर्दै प्रमुख अतिथि हरिदेवी कोइरालाले धर्म, संस्कृति र जीवनका अभिव्यक्तिलाई जोड्ने थलो साहित्य भएको बताउनुभयो। उहाँले सम्मानित ज्ञानबहादुर महतको बाटो पच्छ्याउन सके समाजको उन्नतिमा महत्वपूर्ण आयाम मिल्ने बताउँदै भावी पुस्ताका लागि साहित्य, धर्म संस्कृति र रीतिरीवाजलाई संरक्षण गरेर राख्नुपर्नेमा जोड दिनुभयो। प्रतिष्ठानका अध्यक्ष अम्विकाप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य धिरज ठकुरी, गाउँफर्क उच्च मा.वि.का प्राचार्य कृष्णप्रसाद लम्साल, समाजसेवी ईन्द्रप्रसाद भट्टराई, राष्ट्रिय मेलमिलाप केन्द्र तनहुँका अध्यक्ष दुर्गाबहादुर महत, ढोरफिर्दी पूजा व्यवस्थापन समितिका अध्यक्ष रामराजा महत, शुक्ला साहित्य संगमका अध्यक्ष आनन्द सुन्दर श्रेष्ठ, नेपाली कांग्रेस गाउँ कार्यसमिति ढोरफिर्दीका सभापति माधव भट्टराई लगायतले सम्मानित व्यक्तित्व महतले सामाजिक कार्यमा खेलेको भूमिकाको चर्चा गर्नुभएको थियो। यसैबीच सम्मान कार्यक्रममा सुगम महत, सरला लामिछाने 'सरु', सुरक्षा कार्की, तारा ढुङ्गाना, अनु महत, शिव बाँनिया, सन्ध्या परियार, रक्षा गौतम, विकास गौतम, पूर्णा गुरुङ, दुर्गाप्रसाद भट्टराई, धनकुमारी गुरुङ तथा ढोरबाराही भजन मण्डलीका टोलीद्वारा रचना वाचन, नृत्य, हास्य तथा भजनकीर्तन प्रस्तुत गर्नुभएको थियो।

# उद्योगका...

बुझ्दा ज्यो.पं.मोक्षनाथ तिमिल्सिनासंग बदला लिनु पाइएको छ।

ज्योतिष भविष्यवाणी (साप्ताहिक)ले छिमेकी वशन्त वाटाजुको कहिल्यै केही बिगारेको कुनै प्रकारको दुश्मनी केही नहुँदा–नहुँदै पनि यसरी छिमेकी–छिमेकी घर धनीको प्रतिद्वन्द्विताले ज्योतिष भविष्यवाणी अखवारमाथि नराम्रो असर पर्न गएको छ। ठाउँ कुठाउँ उद्योग स्थापना गर्न पाइने कानून कँही पनि छैन। उद्योग स्थापनाको लागि पोखरा औद्योगिक क्षेत्रको व्यवस्था गरिएको छ।

वशन्त वाटाजुलाई उद्योग संचालन गर्न रहर भए औद्योगिक क्षेत्रमा गै उद्योग चलाउन कसैले पनि रोक्न सक्दैन। तर आफ्नो जग्गा जहाँ छ त्यही उद्योग चलाउनुपर्छ भन्नु र घर छिमेकीको पेशा नै वर्वाद पारी रातदिन सुत्नै नसकिने पारेर उद्योग धन्दा गर्नु नियत राम्रो देखिदैन। ज्यो.पं.मोक्षनाथ तिमिल्सिनाको पचासौं लाखको घरको किचन कोठा तथा अन्य कोठाहरु उद्योग खोलेपछिका दिनमा चर्केर देख्न नसकिने अवस्थामा पुगेका छन्। बिहान, बेलुकी, रातमा चौविसै घण्टा घन ठोक्नेहरुले घन ठोक्दा मोक्षनाथको घरमा भुइँचालो आएको होकि भन्ने जस्तो हुन्छ। सम्बन्धित निकायमा यो समस्या राख्दा घरेलु उद्योग, आन्तरिक राजस्व, पोखरा उप-महानगरपालिका कुनै पनि निकायको आदेशलाई वशन्त वाटाजुले अटेर गरेर स्थाई रुपमा मेटल उद्योग चलाउन खोजेको बुझिन्छ।

यसरी आफ्नो जग्गा हो भन्दैमा जे पनि गर्न पाइने हो भने अब ज्योतिष भविष्यवाणी पत्रिका बन्द गरी सुकेका खुर्सानी पोलेर काम गर्नै नसकिने वातावरण हामीले पनि गरिदिने हो कि ? अथवा जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालयले यो समस्या सुल्झाउँछन् हेर्न बाँकी छ। स्थानीय निकायले नसकेमा गृहमन्त्री, प्रधानमन्त्री, भारतीय दूतावास, काठमाडौं कार्यालयसम्म ज्योतिष भविष्यवाणीको कानूनी लडाइँ चल्नेछ। नेपालको कुनै पनि निकायले नसकेमा डेढ दुई सय जनाको समूहले बाँसका भाटा प्रयोग गरी समस्याको समाधान आँफैले गर्ने निश्चित छ। हेरौं वशन्त वाटाजुको वृद्धि फिर्छकि, स्थानीय निकायको आदेश अनुसार हुन्छकि ? अन्त्यमा कसैले सुल्झाउन नसकेमा सुल्झाउने ताकत ज्योतिष भविष्यवाणी आँफैसँग छ। आशा गरौं 'आफ्नो मुद्धामा आफै न्यायाधीश बन्न नपरोस'।


## सूचना ! सूचना !! सूचना !!!

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेबीच सुनौलो एफ.एम.१०२.२ मेगाहर्ज पोखराद्वारा संचालित कार्यक्रम 'ज्योतिष जागरण' सुन्दै गर्नुहोला। आफ्ना सुझाव सल्लाहका लागि मोवाइल नं. ९८५६०२०९१४

कार्यक्रम संचालक
वरिष्ठ ज्योतिष भविष्यवक्ता
**डा. बलराम उपाध्याय रेग्मी**
पो.व.नं.२०७, पोखरा, नेपाल

## वरिष्ठ ज्योतिष भविष्यवक्ता / अधिवक्ता

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

एम.ए.(अंग्रेजी), जी.ए.एम.एस्.(आयुर्वेद) बी.एड.(अंग्रेजी), बी.एल.(कानूनशास्त्री) व्याकरणशास्त्री (संस्कृत) एम.फिल., पी.एच.डी.(ज्योतिष), ज्योतिष महामहोपाध्याय(डी.लिट्) मानार्थ

**कार्यालय** : ज्योतिष भविष्यवाणी, पोखरा–२, अर्चलबोटचोक, कास्की, नेपाल

**भेट्ने समय** : बिहान १० बजेदेखि १२ बजेसम्म / दिनमा १ देखि बेलुकी ५ बजेसम्म /

नोट : प्रत्येक शनिबार 'ज्योतिष भविष्यवाणी' कार्यालय पूर्णरुपमा बन्द रहनेछ।

ज्योतिष सम्बन्धी सम्पूर्ण सेवाका लागि
सम्पर्क फोन नं. ९८५६०२०९१४, ९८५६०३०९१४
९७२६१५३६८४, ०६१–५४०३४७


## पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०७० को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्रहरूलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ। न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल।

अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान, प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि, नेपाल

१) तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक)(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१ ।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०)।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१ ।- मात्र।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र।

७) तालिमको नाम - मुहूर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) नवौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र।

१०) तालिमको नाम - टेलिभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) १०औं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइनेछ। माथि तोकिएको शुल्क त्यस देशको मुद्रामानै बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम् सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet .com .np मार्फत प्रवेश फर्म झिकाइ सो माध्यमबाट नै पठाउन सकिन्छ। तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९९२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ।

**प्राचार्य**
**डा. बलराम उपाध्याय रेग्मी**
**पोखरा ज्योतिष महाविद्यालय**
**सम्पर्क** : ९८५६०२०९१४, ९८५६०३०९१४
अर्चलबोटचोक, पो.व.नं.२०७, पोखरा, नेपाल।
E-mail: jbweekly@fewanet .com .np
Website: www.jbweekly.com



**थपिदैं रकम** : नेपाल प्रेस युनियन कास्कीले स्थापना गरेको पत्रकारिता पुरस्कार एवं पत्रकार कल्याणकोषका लागि २५ हजारको चेक हस्तान्तरण गर्दै नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि गंगा के.सी.र ग्रहण गर्दै प्रेस युनियन कास्की अध्यक्ष शिरोमणि बराल। साथमा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष गंगाधर पराजुली, महिला संघका पूर्व केन्द्रीय सचिव शारदा पौडेल, जिल्ला सभापति तारा अधिकारी, नेपाली कांग्रेस पोखराका सभापति विष्णुहरि बराल। नारी दिवसको अवसरमा नेपाल महिला संघ कास्कीद्वारा आयोजित एक कार्यक्रममा सो रकम सहयोग गरिएको थियो। १० लाखको अक्षयकोषमा हालसम्म ५ लाखभन्दा बढी रकम संकलन भइसकेको नेपाल प्रेस पुनियन कास्कीले जनाएको छ। *तस्वीर सहयोग : गोल्डेन न्यूज दैनिक*

## स्व.हेमराजलाई...

गौरवलाई माथि उठाएको बताउनुभयो। अस्वस्थ शरीरले स्वस्थ सन्देश दिन नसक्ने बताउँदै प्राज्ञ श्रेष्ठले हेमराज र सत्यमोहनको सिङ्गो जीवन आदर्श भएको धारणा व्यक्त गर्नुभयो। नेपाल पर्यटन बोर्डका सदस्य टीकाराम सापकोटाले राष्ट्रकै प्रेरणादायी व्यक्तित्व हेमराजको अधुरा कार्यलाई पूरा गर्न आँफू र पर्यटन बोर्ड तैयार रहेको बताउनुभयो।

मानव अधिकारकर्मी टेकनाथ बरालले मानिस मरेर पनि जिईरहने र जिउँदो भएर पनि मर्दो रहेछ भन्दै हेमराज मरेर पनि जिई रहेको भन्नुभयो। पोखरेली युवा सांस्कृतिक परिवारकी अध्यक्ष सरस्वती प्रतिक्षाले हेमराज सरल र सरस व्यक्ति भएको बताउँदै स्रष्टा र साहित्यको दूरी घटाउन हेमराज सफल भएको बताउनुभयो। उहाँले हेमराजलाई प्रगतिशील लेखक, सुन्दर व्यक्तित्वको रुपमा चिनाउनुभयो।

लोकवि अलिमियाँ वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँले स्व.हेमराजले जीवनमा गरेका कार्य सबै पोखरा र समग्र राष्ट्रका लागि छोडेर गएको धारणा व्यक्त गर्नुभयो। आफ्नो गीतमार्फत हेमराज जस्तो व्यक्ति पोखराले पाउनु गौरवको कुरा भएको बताउँदै मियाँले उहाँको योगदानलाई सबैले कदर गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा शिक्षाविद् जर्ज जोनले समग्र शिक्षाको दीयो हेमराज भएको बताउँदै पोखराले उहाँलाई भुल्न नहुनेमा जोड दिनुभयो।

स्व. हेमराकी धर्मपत्नी तथा प्रतिष्ठानकी अध्यक्ष रीता पहारीले अध्यक्षको आशनबाट बोल्दै आफ्ना पति स्वर्गीय पहारीले छोडेर गएको अक्षरको नासोलाई जीवनभर सम्हालेर राख्ने बताउनुभयो। उहाँले श्रीमान्ले छोडेर गएको गीतमा संगीत भर्ने र अप्रकाशित कृतिलाई प्रकाशन गर्दै संस्थालाई दीगो बनाउने आफ्नो एकमात्र उद्देश्य रहेको बताउनुभयो। कार्यक्रमको संचालन गर्दै प्रतिष्ठानकी सचिव शान्ता घिमिरेले स्व.हेमराज हामीमाझ नभएपनि उहाँको योगदानलाई सबैले मूल्याङ्कन गरिनुपर्नेमा जोड दिनुभयो।

वि.सं.२००२ साल कार्तिक १९ गते जन्मिनु भएका हेमराज पहारीको वि.सं.२०६६ साल फाल्गुन १७ गते लेखनाथको विजयपुर नजिक सडक दुर्घटनामा परी घाइते भई उपचारको क्रममा काठमाडौंको न्यूरो अस्पतालमा निधन भएको थियो। अमेरिकाको ग्रीन कार्ड समेत त्यागेर नेपाल फर्किनुभएका पहारी विज्ञान विषयका शिक्षक, पर्यटन व्यवसायी, साहित्यकार तथा समाजसेवीका रुपमा परिचित हुनुहुन्थ्यो। कम बोल्ने, अन्याय र अत्याचारका विरुद्ध खुलेर बोल्ने पहारीका देशको अभिभारा कविता सङ्ग्रह, उत्तरी गोलार्धको एक फन्को स्मरण ग्रन्थ प्रकाशित छन्। ५५ वटा गीतमा स्वर दिनुभएका उहाँका अन्य थुप्रै अप्रकाशित कृति रहेका छन्।

पहारीकै स्मृतिमा साहित्य, कला, संगीत र समाजिक क्षेत्रमा सक्रिय व्यक्तित्वलाई दुई/दुई वर्षमा एकलाख पुरस्कार प्रदान गर्ने उद्देश्यले उहाँकी धर्मपत्नी रीता पहारीले रु.१५ लाखको अक्षयकोष स्थापना गर्नुभएको छ जुन हेमराज स्मृति प्रतिष्ठानद्वारा प्रदान गरिन्छ।

# क्षेत्रीय पुष्प व्यापार मेलाको तैयारी पूरा

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : फ्लोरिकल्चर एशोसिएशन नेपाल कास्कीले यही फाल्गुन २५ देखि २९ गतेसम्म पोखरामा गर्ने चौथो पश्चिमाञ्चल क्षेत्रीय पुष्प व्यापार मेलाको तयारी पूरा भएको छ। 'पोखराको प्रकृति सुन्दरतामा शान, पुष्प व्यवसायको प्रवर्द्धनमा वातावरणीय पहिचान' भन्ने उद्देश्यका साथ आयोजना गरिएको मेलाको तयारी पूरा भएको बुधबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको हो। पोखरा सभागृहमा हुने मेलामा विभिन्न ३ सय प्रजातिका फूल र फूलका बिरुवाहरुको प्रदर्शनी गरिने भएको छ। मेला सम्पन्न गर्न ४ लाख ४० हजार खर्च लाग्ने भएको छ। त्यस्तै व्यवसायिक कृषि तथा व्यापार आयोजना क्याक्टले ५० हजार सहयोग गरेको छ भने अन्य खर्च व्यवसायीहरुबाट जुटाइएको छ।

पुष्प व्यवसायलाई व्यवसायिक तवरले अगाडि बढाउन चौथो पटक आयोजना गरिएको मेलामा करिब २० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ। मेलामा २२ देखि २५ वटा स्टल रहने मेला कार्यक्रमका संयोजक दिलबहादुर गुरुङले जानकारी दिनुभयो। पश्चिमाञ्चलका नर्सरी व्यवसायीहरुले हुर्काई, बढाई राखिएका फूल, विरुवाहरु र ल्याण्डस्केप अर्थात बगैंचाबीच प्रतिष्पर्धा पनि गराईने छ। मेलामा उत्कृष्ट सिजनल फूल, उत्कृष्ट स्टल सजावट, उत्कृष्ट अलंकारिक विरुवा, उत्कृष्ट फूल्ने बिरुवा र उत्कृष्ट ल्याण्डस्केप गरी ५ विधामा प्रथम हुनेलाई शिल्ड र प्रमाणपत्रले सम्मान गरिने आयोजकले जनाएको छ।


## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ। अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ। ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी–खोजी पढ्नुहोस्।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला। यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला।
१३. प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज पोखराद्वारा संचालित कार्यक्रम 'ज्योतिष जागरण' सुन्दै गर्नुहोला।



सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट–४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार

कार्यालय : पोखरा–२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल।

Phone/Fax : +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet .com .np/haripanta@gmail .com

Website: www .jbweekly .com, www .Facebook .com/jbweekly


# पुस्तकालय भ्रमण वर्ष–२०१३ शुरु

✍दिनेश सापकोटा

**बाग्लुङ** : म्याग्दीको पात्लेखेत गाविस वडा नं. ८ स्थित वाखेतमा रहेको विद्योदय निम्न माध्यामिक विद्यालयले जिल्लामै पहिलो पुस्तकालय भ्रमण बर्ष २०१३ को शुक्रबार औपचारिक रुपमा उद्घाटन गरेको छ। पात्लेखेत गाविस सचिव बलबहादुर खत्री र कार्यक्रम संयोजक हरिकृष्ण गौतमले संयुक्तरुपमा उद्घाटन गर्नुभएको हो।

पाखापानी स्रोतकेन्द्र अन्तर्गत नमूना विद्यालयका रुपमा चिनिएको विद्यालयले सन् २०१३ मा पुस्तकालयमार्फत विभिन्न गतिविधि सञ्चालन गर्ने उद्देश्यका साथ शुरु गरिएको पुस्तकालय भ्रमण बर्षले पुस्तकालयको आवश्यकता तथा पुस्तकालय नभएका विद्यालयमा पुस्तकालय स्थापना गर्न सहयोग गर्ने कार्यक्रमका सहभागीले बताएका छन्। भ्रमण बर्षको अवसरमा बोल्ने वक्ताहरुले विद्यालयले शुरु गरेको अभियानलाई सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन्। उद्घाटन कार्यक्रममा दीपक मा.वि.का प्रधानाध्यापक खेमराज पराजुली, ओखले प्रा.वि.का शिक्षक पुस्कल शर्मा, स्थानीय भीमबहादुर राम्जाली, विद्यालयका पूर्व शिक्षक भवदत्त शर्मा, गाजा युवा क्लव, विद्यालय पुस्तकालय सहजकर्ता सुनिता शर्मा, शिक्षक अभिभावक संघका अध्यक्ष खड्कबहादुर रोका, भुमेस्थान आमा समूहकी अध्यक्ष गीता रोकाले पुस्तकालय भ्रमण वर्षलाई सघाउने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा पुस्तकालय भ्रमण बर्ष मनाउन विष्णु राम्जालीले १० हजार, रामचन्द्र गर्बुजाले पाँच हजार, केशव पुन हाल हङ्कङ्ले पाँच हजार, गा.वि.स. सचिव बलबहादुर खत्रीले १ हजार, गजेन्द्र पुनले पाँचसय, प्रेमबहादुर रोकाले पाँचसय, वीरबहादुर रोकाले पाँचसय, सुशिला रोकाले पाँसय गरी कुल २३ हजार ९ सय ६० रुपैयाँ संकलन भएको छ।

कार्यक्रममा सहभागी हुन आएका अभिभावक, भू.पू. सैनिक, क्लव, आमा समूह लगायतद्वारा पुस्तक संकलन भएको पुस्तकालयका शिक्षक दालमी पुनले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो। कार्यक्रमका गाजा युवा क्लव विद्यालय पुस्तकालय संयोजक हरिकृष्ण गौतमले पुस्तकालय भ्रमण बर्षले गुणस्तरीय शिक्षा प्रदान तथा शैक्षिक उपलब्धि हासिलमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। यस्तै प्रमुख अतिथि एवम् गाउँ शिक्षा समितिका अध्यक्ष बलबहादुर खत्रीले पाखापानी स्रोत केन्द्रको नमूना विद्यालयले शुरु गरेको नयाँ अभियानलाई सबैले साथ दिनुपर्ने बताउनुभयो।

यसैबीच विद्यालयलाई जग्गा उपलब्ध गराउने स्वर्गीय लालबहादुर रोकाको स्मृतिमा छोरा रिमप्रसाद रोकालाई सम्मान गरिएको थियो। विद्यालयकी शिक्षिका सीता रोकाको स्वागत, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इनबहादुर पुनको अध्यक्षता र विद्यालयका प्रधानाध्यापक मनवीर किसानको कार्यक्रम सञ्चालनमा सम्पन्न भएको थियो। त्यस अवरमा रुम टु रिड नेपालमार्फत म्याग्दीका २२ गा.वि.स.का ७९ विद्यालयमा पुस्तकालय स्थापना गरिने जानकारी गराइएको थियो।

# दैनिक शुभ समय कार्य तालिका

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

| | |
|---|---|
| बिहीबार २०६९/११/२४ Mar.7, 2013 | बिहान ६:२४ बजेदेखि ७:५४ बजेसम्म शुभ/बिहान ७:५४ बजेदेखि ९:२४ बजेसम्म रोग/बिहान ९:२४ बजेदेखि १०:५४ बजेसम्म उद्वेग/बिहान १०:५४ देखि १२:२४ बजेसम्म चर/दिनमा १२:२४ देखि १:५४ बजेसम्म लाभ/दिनमा १:५४ बजेदेखि ३:२४ बजेसम्म अमृत/दिनमा ३:२४ देखि ४:५४ बजेसम्म काल/बेलुकी ४:५४ देखि ६:२४ बजेसम्म शुभ । |
| शुक्रबार २०६९/११/२५ Mar.8, 2013 | बिहान ६:२३ बजेदेखि ७:५३ बजेसम्म चर/बिहान ७:५३ बजेदेखि ९:२३ बजेसम्म लाभ/बिहान ९:२३ बजेदेखि १०:५३ बजेसम्म अमृत/बिहान १०:५३ देखि १२:२३ बजेसम्म काल/दिनमा १२:२३ देखि १:५३ बजेसम्म शुभ/दिनमा १:५३ बजेदेखि ३:२३ बजेसम्म रोग/दिनमा ३:२३ देखि ४:५३ बजेसम्म उद्वेग/बेलुकी ४:५३ देखि ६:२३ बजेसम्म चर । |
| शनिबार २०६९/११/२६ Mar.9, 2013 | बिहान ६:२२ बजेदेखि ७:५२ बजेसम्म काल/बिहान ७:५२ बजेदेखि ९:२२ बजेसम्म शुभ/बिहान ९:२२ बजेदेखि १०:५२ बजेसम्म रोग/बिहान १०:५२ देखि १२:२२ बजेसम्म उद्वेग/दिनमा १२:२२ देखि १:५२ बजेसम्म चर/दिनमा १:५२ बजेदेखि ३:२२ बजेसम्म लाभ/दिनमा ३:२२ देखि ४:५२ बजेसम्म अमृत/बेलुकी ४:५२ देखि ६:२२ बजेसम्म काल । |
| आइतबार २०६९/११/२७ Mar.10, 2013 | बिहान ६:२१ बजेदेखि ७:५१ बजेसम्म उद्वेग/बिहान ७:५१ बजेदेखि ९:२१ बजेसम्म चर/बिहान ९:२१ बजेदेखि १०:५१ बजेसम्म लाभ/बिहान १०:५१ देखि १२:२१ बजेसम्म अमृत/दिनमा १२:२१ देखि १:५१ बजेसम्म काल/दिनमा १:५१ बजेदेखि ३:२१ बजेसम्म शुभ/दिनमा ३:२१ देखि ४:५१ बजेसम्म रोग/बेलुकी ४:५१ देखि ६:२१ बजेसम्म उद्वेग । |
| सोमबार २०६९/११/२८ Mar.11, 2013 | बिहान ६:२० बजेदेखि ७:५० बजेसम्म अमृत/बिहान ७:५० बजेदेखि ९:२० बजेसम्म काल/बिहान ९:२० बजेदेखि १०:५० बजेसम्म शुभ/बिहान १०:५० देखि १२:२० बजेसम्म रोग/दिनमा १२:२० देखि १:५० बजेसम्म उद्वेग/दिनमा १:५० बजेदेखि ३:२० बजेसम्म चर/दिनमा ३:२० देखि ४:५० बजेसम्म लाभ/बेलुकी ४:५० देखि ६:२० बजेसम्म अमृत । |
| मंगलबार २०६९/११/२९ Mar.12, 2013 | बिहान ६:१९ बजेदेखि ७:४९ बजेसम्म रोग/बिहान ७:४९ बजेदेखि ९:१९ बजेसम्म उद्वेग/बिहान ९:१९ बजेदेखि १०:४९ बजेसम्म चर/बिहान १०:४९ देखि १२:१९ बजेसम्म लाभ/दिनमा १२:१९ देखि १:४९ बजेसम्म अमृत/दिनमा १:४९ बजेदेखि ३:१९ बजेसम्म काल/दिनमा ३:१९ देखि ४:४९ बजेसम्म शुभ/बेलुकी ४:४९ देखि ६:१९ बजेसम्म रोग । |
| बुधबार २०६९/११/३० Mar.13, 2013 | बिहान ६:१८ बजेदेखि ७:४८ बजेसम्म लाभ/बिहान ७:४८ बजेदेखि ९:१८ बजेसम्म अमृत/बिहान ९:१८ बजेदेखि १०:४८ बजेसम्म काल/बिहान १०:४८ देखि १२:१८ बजेसम्म शुभ/दिनमा १२:१८ देखि १:४८ बजेसम्म रोग/दिनमा १:४८ बजेदेखि ३:१८ बजेसम्म उद्वेग/दिनमा ३:१८ देखि ४:४८ बजेसम्म चर/बेलुकी ४:४८ देखि ६:१८ बजेसम्म लाभ । |

# दैनिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार २०६९/११/२४ Mar.7, 2013 | बेलुकी ६:२४ बजेदेखि ७:५४ बजेसम्म अमृत/साँझ ७:५४ बजेदेखि ९:२४ बजेसम्म चर/राति ९:२४ बजेदेखि १०:५४ बजेसम्म रोग/राति १०:५४ देखि १२:२४ बजेसम्म काल/राति १२:२४ देखि १:५४ बजेसम्म लाभ/राति १:५४ बजेदेखि ३:२४ बजेसम्म उद्वेग/राति ३:२४ देखि ४:५४ बजेसम्म शुभ/बिहानमा ४:५४ देखि ६:२४ बजेसम्म अमृत । |
| शुक्रबार २०६९/११/२५ Mar.8, 2013 | बेलुकी ६:२३ बजेदेखि ७:५३ बजेसम्म रोग/साँझ ७:५३ बजेदेखि ९:२३ बजेसम्म काल/राति ९:२३ बजेदेखि १०:५३ बजेसम्म लाभ/राति १०:५३ देखि १२:२३ बजेसम्म उद्वेग/राति १२:२३ देखि १:५३ बजेसम्म शुभ/राति १:५३ बजेदेखि ३:२३ बजेसम्म अमृत/राति ३:२३ देखि ४:५३ बजेसम्म चर/बिहानमा ४:५३ देखि ६:२३ बजेसम्म रोग । |
| शनिबार २०६९/११/२६ Mar.9, 2013 | बेलुकी ६:२२ बजेदेखि ७:५२ बजेसम्म लाभ/साँझ ७:५२ बजेदेखि ९:२२ बजेसम्म उद्वेग/राति ९:२२ बजेदेखि १०:५२ बजेसम्म शुभ/राति १०:५२ देखि १२:२२ बजेसम्म अमृत/राति १२:२२ देखि १:५२ बजेसम्म चर/राति १:५२ बजेदेखि ३:२२ बजेसम्म रोग/राति ३:२२ देखि ४:५२ बजेसम्म काल/बिहानमा ४:५२ देखि ६:२२ बजेसम्म लाभ । |
| आइतबार २०६९/११/२७ Mar.10, 2013 | बेलुकी ६:२१ बजेदेखि ७:५१ बजेसम्म शुभ/साँझ ७:५१ बजेदेखि ९:२१ बजेसम्म अमृत/राति ९:२१ बजेदेखि १०:५१ बजेसम्म चर/राति १०:५१ देखि १२:२१ बजेसम्म रोग/राति १२:२१ देखि १:५१ बजेसम्म काल/राति १:५१ बजेदेखि ३:२१ बजेसम्म लाभ/राति ३:२१ देखि ४:५१ बजेसम्म उद्वेग/बिहानमा ४:५१ देखि ६:२१ बजेसम्म शुभ । |
| सोमबार २०६९/११/२८ Mar.11, 2013 | बेलुकी ६:२० बजेदेखि ७:५० बजेसम्म चर/साँझ ७:५० बजेदेखि ९:२० बजेसम्म रोग/राति ९:२० बजेदेखि १०:५० बजेसम्म काल/राति १०:५० देखि १२:२० बजेसम्म लाभ/राति १२:२० देखि १:५० बजेसम्म उद्वेग/राति १:५० बजेदेखि ३:२० बजेसम्म शुभ/राति ३:२० देखि ४:५० बजेसम्म अमृत/बिहानमा ४:५० देखि ६:२० बजेसम्म चर । |
| मंगलबार २०६९/११/२९ Mar.12, 2013 | बेलुकी ६:१९ बजेदेखि ७:४९ बजेसम्म काल/साँझ ७:४९ बजेदेखि ९:१९ बजेसम्म लाभ/राति ९:१९ बजेदेखि १०:४९ बजेसम्म उद्वेग/राति १०:४९ देखि १२:१९ बजेसम्म शुभ/राति १२:१९ देखि १:४९ बजेसम्म अमृत/राति १:४९ बजेदेखि ३:१९ बजेसम्म चर/राति ३:१९ देखि ४:४९ बजेसम्म रोग/बिहानमा ४:४९ देखि ६:१९ बजेसम्म काल । |
| बुधबार २०६९/११/३० Mar.13, 2013 | बेलुकी ६:१८ बजेदेखि ७:४८ बजेसम्म उद्वेग/साँझ ७:४८ बजेदेखि ९:१८ बजेसम्म शुभ/राति ९:१८ बजेदेखि १०:४८ बजेसम्म अमृत/राति १०:४८ देखि १२:१८ बजेसम्म चर/राति १२:१८ देखि १:४८ बजेसम्म रोग/राति १:४८ बजेदेखि ३:१८ बजेसम्म काल/राति ३:१८ देखि ४:४८ बजेसम्म लाभ/बिहानमा ४:४८ देखि ६:१८ बजेसम्म उद्वेग । |

# तपाईंको यो हप्ता

(फाल्गुन २४ गते बिहीबारदेखि ३० गते बुधबारसम्म)
(From Mar.7, to 13, 2013)

*ज्यो.सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइल: ९८४६२१८८१५*

१. मेष:तपाईंलाई यो हप्ता पनि आफ्नै कामबाट आफैंलाई सन्तुष्टि नमिल्ने देखिन्छ । स्वास्थ्यमा केही खराबी आउन सक्ने सम्भावना छ । टाढाको यात्रामा आकस्मिक ठूलो घाटामा पर्ने सम्भावना बलियो छ, त्यसैलै यो हप्ता टाढाको यात्रा गर्नु पनि उचित छैन भने बुधबार उत्तर दिशाको यात्रा गर्न शुभ नहुने ज्योतिष भविष्यवाणीको निश्कर्ष छ । नगद सापटी पनि नदिनु नै राम्रो हुनेछ ।

२. वृष:तपाईंलाई यो हप्ता पेट रोगले ठूलो दु:ख दिने सम्भावना छ । त्यसकारण पानी उमालेरमात्रै पिउनुहोला । आफन्तसंग मनमुटाव हुन सक्ने भएकाले आफन्तसंग कुनै कारोबार नगर्नुहोला । राजनीतिक क्षेत्रमा समेत उथलपुथल हुन सक्ने ज्योतिष वैज्ञानिक दृष्टिकोणमा देखिन्छ । आइतबारदेखि यसअघि रोक्किएका काम आश्रित कर्मचारी कै सहयोगले सम्पन्न हुने देखिन्छ ।

३. मिथुन:तपाईंका लागि यो हप्ता उच्चस्तरीय घनिष्ट मित्रसंगको भेटघाट हुन सक्नेछ । पेशागत क्षेत्रमा नयाँ लाभका सम्भावना बढेर जानेछन् । राजनीतिक व्यक्तिका लागि आँफू अनुकुलको काम बन्नसक्ने ज्योतिषशास्त्रले बताएको छ । तपाईं विदेश जाँदै हुनुहुन्छ भने सोमबार या बिहीबार पारेरमात्र प्रोसेस चालेमा राम्रो सफलता पाइनेछ । यो हप्ताको समय सबै प्रकारले शुभ छ ।

४. कर्क: तपाईंलाई यो हप्ता धेरै प्रकारले फाइदा रहेको छ । यश, प्रतिष्ठा बढ्ने काममा लगानी गरिनेछ । इष्टमित्र, आश्रित कर्मचारी, परिवारका सदस्य सबैबाट राम्रो सहयोग मिल्नेछ । प्रेमीसंग रमाइलो यात्रा, भेटघाट हुने तर मनमा एकखालको भय उत्पन्न हुनेछ । बिहीबार र भोलि शुक्रबारका दिन विशेष शुभ रहेता पनि शुक्रबार पश्चिम र सोमबार पूर्व दिशाको यात्रा शुभ छैन ।

५. सिंह:तपाईंलाई यो हप्ता आँफूले गरेका काममा चित्त बुझ्नेछैन । शरीरको कुनैपनि अंग दुख्ने, चोटपटक लाग्न सक्नेछ । यात्रामा ज्यादै सतर्क रहनु आवश्यक छ । अनावश्यक खर्च भै जाने अवस्था छ, सकेसम्म जोगाउनु नै राम्रो हुनेछ । विशेष गरी खराब शनिबार रहेको छ । त्यसकारण विशेष सतर्क हुँदै धार्मिक कार्यमा लगानी तथा गरिब व्यक्तिलाई दान गर्नुहोला ।

६. कन्या:तपाईंका लागि यो हप्ता खोजेका जुनसुकै कार्यमा बाधा रहेका छन् । मनमा अशान्ति, यात्रामा बिध्नबाधा, वायुरोगले सताउने, खानामा गडबढी हुनेछ । जस्तोसुकै बाधा परेपनि निराश नभई आफ्नो कार्य सम्पादन गर्नुहोला । सोमबार र बुधबारका दिन शुभ रहेकाले महत्वपूर्ण निर्णय, नविन कार्यको थालनी यी दिनहरूको शुभ, लाभ, अमृत बेला पारेर गर्नुहोला ।

७. तुला:तपाईंका लागि यो हप्ता स्वास्थ्य भरपर्दो रहनेछ । दिनहरू धार्मिक एवम् सामाजिक कार्यमा बित्न सक्ने देखिएको छ । सापटी दिएको धन फिर्ता हुनेछ । गर्न खोजेका सबै काममा राम्रो सफलता मिल्ने भएपनि यात्रामा निस्कनु आँफैलाई हानी हुन सक्नेछ यो हप्ता गर्न खोजेका सबै कार्यबाट राम्रो सफलता प्राप्त गर्न सकिनेछ । समय शुभ छ, समयको सही उपयोग गर्नुहोला ।

८. वृश्चिक:तपाईंको यो हप्ता जुनसुकै काममा बिघ्नबाधा ज्यादा आउने छन् । आफ्नै बानीका कारण सामाजिक जनजीवनमा अप्ठ्यारो पार्न सक्ने छ । हप्ताका अन्तिम तीन दिनहरूका समय केही शुभ रहने भएकाले अध्ययन, बौद्धिककार्य, साहित्यिक र कला कौशलको क्षेत्रमा राम्रो सफलता मिल्नेछ । राजनीतिज्ञका लागि पनि यो हप्ता शुभ नहुने ज्योतिषीय दृष्टिकोणमा देखिन्छ ।

९. धनु: तपाईंको यो हप्ता स्वास्थ्य ठीकठाक रहनेछ । यश, कीर्ति बढ्ने काममा लगानी गर्ने शुभ अवसर पाइने छ । तीर्थयात्रा, धार्मिक कार्यबाट राम्रो सफलता पाइनेछ । यो हप्ताको समय सबैप्रकारले शुभ रहेपनि पूर्व र उत्तरतिरको यात्रामा सोच विचार गरेरमात्रै अघि बढ्नुहोला । साताको अन्तिमतिर विदेशबाट धन प्राप्त भई महत्वपूर्ण काम सम्पन्न हुने पनि देखिएको छ ।

१०. मकर:तपाईंलाई यो हप्ता स्वास्थ्यको हिसावले खराव रहेको छ । शरीर दुख्ने, रुघाखोकीले पनि हैरान पार्ने अवस्था छ । छोरा–छोरी बिरामी भई अस्पताल धाउनुपर्ने अवस्था पनि नआउला भन्न सकिन्न, त्यसैले रकमको व्यवस्था पनि गर्दै गरेमा राम्रो हुनेछ । जसमाथि ठूलो भरोसा गर्नुभएको छ ती व्यक्तिबाट नै धोका हुन सक्ने सम्भावना छ, त्यसैले अर्काको भर नपरी अघि बढ्नुहोला ।

११. कुम्भ:तपाईंका लागि यो हप्ता आर्थिक दृष्टिकोणले उपयोगी बित्ने छ । मानसिक शान्ति तथा आरामपूर्वक सोचेका, शुरु गरेका काम सम्पन्न हुनेछन् । साताका अन्तिमदिनमा पारिवारिक झमेला, आफन्तबाट विश्वासघात हुन सक्नेछ । आकस्मिक रूपमा कुनै चोट लाग्न सक्ने सम्भावना पनि त्यत्तिकै रहेको छ । मंगलबार र बुधबार भने समय शुभ रहेका छन् ।

१२. मीन:तपाईंलाई यो हप्ता स्वास्थ्य ठीकठाक रहनेछ । गर्न खोजेका केही काम सफल, केही असफल हुनेछन् तैपनि कडा परिश्रम गर्नुभएमा निश्चित रुपमा केही नहुनुभन्दा राम्रै हुनेछ । हरेक कार्यमा सावधानी आवश्यक छ । हप्ताका अन्तिम तीन दिनहरूमा केही सुधार भएर जानेछन् । त्यो दिनसम्म धैर्य अति आवश्यक हुनेछ । शनिबार पूर्वको यात्रामा नजानुहोला ।

## साप्ताहिक साहित

फाल्गुन २४, २०६९ बिहीबार – उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन २५, २०६९ शुक्रबार – पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन २६, २०६९ शनिबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन २७, २०६९ आइतबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन २८, २०६९ सोमबार – पश्चिम र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन २९, २०६९ मंगलबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन ३०, २०६९ बुधबार – कुनैपनि दिशाको यात्रा नगर्नु होला । (मशान्ति भएकाले)

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile : 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, पर्वत संवाददाता : सुनिता रेग्मी, भारत मध्यप्रदेश संवाददाता : ज्यो. सन्तोष रेग्मी, भारत उत्तर प्रदेश संवाददाता : प्रदीप/मधु रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/पूर्व अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङ : हरि पन्त, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल ।
**E-mail: haripanta@gmail.com, website: www.jbweekly.com,** मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com